सडक बोर्ड नेपालको २२औँ बार्षिकोत्सवको सुखद् उपलक्ष्यमा सम्पूर्ण सडक प्रयोगकर्ताहरूको जानकारीको लागि यस बोर्डले आ.व. २०८०/०८१ मा सम्पादन गरेको गतिविधिहरुको संक्षिप्त विवरण प्रस्तुत छ ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

शुभकामना

विकास र समृद्धिको प्रमुख आधारका रुपमा रहेको सडक पूर्वाधारको विस्तार र उचित मर्मत संभार गरी आम नागरिकलाई भरपर्दो र गुणस्तरीय सडक सुविधा उपलब्ध गराउने उद्देश्यले स्थापित सडक बोर्ड नेपाल स्थापनाको २३औं वर्ष प्रवेशका अवसरमा म हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणका लागि सडकको विकास प्रमुख शर्त हो । अहिले पूर्वाधार विकासलाई आर्थिक वृद्धिको प्रमुख संवाहकका रूपमा लिइन्छ । सडक पूर्वाधारले अर्थतन्त्रलाई बलियो बनाउने मात्रै नभई उत्पादन र उत्पादकत्व वृद्धि गर्नुका साथै शहर र ग्रामीण अर्थतन्त्रलाई जोड्दै जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

योजनाबद्ध विकासको प्रयासस्वरुप अहिले ७७ वटै जिल्ला सडक सञ्जालको पहुँचमा छन् । मुलुकको चौतर्फी विकासको संवाहकको रुपमा रहेको सडक पूर्वाधारको दिगो, भरपर्दो, सुरक्षित र योजनाबद्ध विकास एवं विस्तार गर्न सके मात्र देशमा औद्योगीकरण हुन सक्ने र रोजगारी वृद्धि गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । केही वर्ष यता नेपालले पनि विश्वमा विकसित भएका सडक पूर्वाधारको निर्माणमा उपलब्ध नवीन प्रविधिको खोजी गरी युगानुकूल आधुनिक सडक पूर्वाधारको निर्माण गर्ने क्रममा द्रुतमार्ग, सुरुङमार्ग र बहुलेन सडकहरुको निर्माण कार्य अगाडि बढाईएको छ । यसैगरी, नेपालको उत्तरी र दक्षिणी सीमा नाकाहरुलाई जोड्ने उद्देश्यकासाथ तमोर, कोशी, त्रिशुली, कालीगण्डकी र कर्णाली करिडोर सडकहरुको निर्माणलाई विशेष प्राथमिकता दिई द्रुत गतिमा निर्माण कार्य भईरहेको छ । पूर्वको पाँचथरदेखि पश्चिममा बैतडीसम्म निर्माण भईरहेको मध्यपहाडी लोकमार्गले त्यस भूभागमा बसोबास गर्ने आम नेपाली नागरिकको जीवनस्तरमा उल्लेख्य परिवर्तन ल्याउन ठूलो योगदान पुऱ्याउने छ । यस्तै पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म निर्माण भईरहेको हुलाकी राजमार्गले तराईमा बसोबास गर्ने आम नेपाली नागरिकहरुको जीवनस्तर माथि उठाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने मेरो विश्वास छ । जतिसक्दो छिटो यी सडकहरुको निर्माण कार्य सम्पन्न गर्न सकिन्छ त्यति नै मुलुकको सामाजिक-आर्थिक विकासको गति तीव्र भई समुन्नत नेपालको राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सहयोग पुग्छ ।

हामीसँग स्रोत सीमित छ । तर विकासमा हामीले तीव्र फड्को (क्वाण्टम लिप) मार्नु परेको छ । विकासको पुरानो **ढाँचा, गति** र **संस्कृति** परिवर्तन गर्दै अहिलेको सरकार अगाडि बढिरहेको छ । आफूसँग भएको सीमित स्रोत कहाँ लगानी गर्ने र त्यसबाट कस्तो परिणाम हासिल गर्ने भन्ने कुरामा हामी स्पष्ट छौं ।

प्रधानमन्त्री | काठमाडौं, नेपाल ।

हाम्रो जस्तो भौगोलिक जटिलता भएको मुलुकमा आधुनिक र सुविधायुक्त सडकको विकास एवं विस्तार गर्ने कार्यमा मित्रराष्ट्रहरु र दातृ निकायहरुबाट महत्वपूर्ण सहयोग प्राप्त हुँदै आएको छ । ठूलो धनराशी खर्च गरी निर्माण सम्पन्न गरिएका सडकहरुको समयमा नै योजनाबद्ध र प्रभावकारी ढंगबाट मर्मत सम्भार एवं संरक्षण गर्ने कार्य अझ महत्वपूर्ण छ । आगामी दिनमा निर्माण सम्पन्न हुने सडकहरुको समेत योजनाबद्ध मर्मत सम्भार एवं संरक्षण गर्ने कार्यका लागि आवश्यक पर्ने स्रोतको दिगो व्यवस्थापन गर्न विद्यमान ऐन, कानून र नीतिहरुलाई समयानुकूल परिमार्जन गरी सडक बोर्ड नेपालले आफ्नो संगठनात्मक संरचना र भूमिकालाई अझ सुदृढ गर्दै कोषको दायरा अझै फराकिलो बनाउँदै लैजानु पर्नेछ ।

सडकको निरन्तर रेखदेख, समय अनुरुप मर्मतसम्भारको कार्यमा ध्यान दिन सक्यौं भने हामीले धेरै ठूलो धनराशी बचत गर्न सक्छौं । सडकलाई सुचारु बनाइ राख्न, सवारी सञ्चालन खर्च र यात्रा समय छोटो बनाउन, दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सडक मर्मतसम्भारलाई बोर्डले ध्यान दिने नै छ । यसैगरी विकास निर्माणमा सबैभन्दा महत्वपूर्ण पक्ष पर्यावरण हो । हामीले वातावरणीय पक्षलाई ध्यान दिंदै वातावरण मैत्री प्रविधिको प्रयोग गर्दै पूर्वाधार निर्माणका कामलाई अगाडि बढाउनु पर्दछ ।

अन्त्यमा, सडक बोर्ड नेपाल आफ्नो स्थापनाको २३औं वर्ष प्रवेशका अवसरमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै आगामी दिनमा बोर्डको उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

१५ पुस, २०८१

केपी शर्मा ओली

नेपाल सरकार
अर्थ मन्त्रालय

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

शुभकामना

सडक बोर्ड नेपाल आफ्नो स्थापनाको २२ वर्ष पूरा गरी २३ औं वर्षमा प्रवेश गरेको थाहा पाउँदा मलाई खुसी लागेको छ। यस अवसरमा संस्थालाई हार्दिक बधाई दिन चाहन्छु।

मुलुकको समग्र विकासमा गुणस्तरीय र दिगो भौतिक पूर्वाधार विकासको स्थान महत्वपूर्ण रहन्छ। पूर्वाधार संरचना दिगो, गुणस्तरीय, वातावरण एवम् जलवायु संवेदनशील र समावेशी हुन सक्दा मात्र उत्पादन र उत्पादकत्व बढ्न गई राष्ट्रिय आयमा समेत बढोत्तरी हुन्छ। आधुनिक र नवीन प्रविधियुक्त सडक, पुल, सुरुङ, फ्लाईओभर, अण्डरपास लगायतका संरचना विस्तार सरकारको प्राथमिकतामा रहेको छ। सडक बोर्ड नेपालले आगामी दिनमा सडकलाई सुरक्षित, पहुँचयोग्य बनाउन सडकहरुको मर्मत सम्भार कार्यलाई नियमित तथा व्यवस्थित गर्ने कार्यलाई तीव्रता दिन आवश्यक ठानेको छु।

गुणस्तरीय भौतिक पूर्वाधार लगानी आकर्षणको लागि समेत महत्वपूर्ण हुन्छ। नेपाल जस्तो भूपरिवेष्ठित मुलुकको लागि ढुवानी लागत कम गरी व्यवसायको लागत कम गर्न समेत गुणस्तरीय सडक पूर्वाधार उत्तिकै महत्वपूर्ण रहन्छ। नियमित मर्मत सम्भार गरी बोर्डले सडकलाई सुरक्षित, गुणस्तरीय र दिगो बनाई व्यावसायिक लागत घटाउनमा थप मिहिनेत गर्ने अपेक्षा गरेको छु।

सरकार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न क्रियाशील रहेको छ। यो कार्यभार पूरा गर्नका लागि सडक बोर्ड नेपालले विगतमा जस्तै निर्माण सम्पन्न गरिएका सडकहरुको योजनाबद्ध मर्मत सम्भार तथा संरक्षण गर्न उपयुक्त रणनीति तथा कार्यनीतिको अवलम्बन गर्ने अपेक्षा लिएको छु। साथै, बोर्डले संकलित स्रोत साधनको कुशल व्यवस्थापन सहित गुणस्तरीय सडकहरुको सुनिश्चितताका लागि आगामी दिनमा थप क्रियाशीलता लिने समेत विश्वास लिएको छु।

अन्त्यमा, सडक बोर्ड नेपालको २२औं वार्षिकोत्सवको उपलक्ष्यमा यो संस्थाको उत्तरोत्तर प्रगति एवम् सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

२०८१ पौष

विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री एवम् अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ / वेबसाईट: www.mof.gov.np

देवेन्द्र दाहाल
माननीय मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Devendra Dahal
Hon'ble Minister
Ministry of Physical Infrastructure & Transport
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्याः
चलानी नं.:

शुभकामना

सडक पूर्वाधारको योजनाबद्ध तथा प्रभावकारी मर्मत सम्भारका लागि आवश्यक श्रोतको दिगो व्यवस्थापन गर्ने र मर्मत सम्भार कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने उद्देश्यकासाथ सडक बोर्ड ऐन, २०५८ बमोजिम स्थापित **सडक बोर्ड नेपाल** स्थापनाको २२औं वार्षिकोत्सवको सुखद् अवसरमा सडक बोर्ड नेपाललाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपाल जस्तो विषम भूधरातल भएको मुलुकमा सडक नै भरपर्दो यातायातको माध्यम रहेको छ र अहिलेको समयमा यसको विकास बिना नागरिकको सहज आवागमन र मालसामान ढुवानी कार्य असम्भवप्रायः नै छ। अझ सडक पूर्वाधार अरु सबै विकास पूर्वाधारहरुको पनि पूर्वाधार भएकाले यही यथार्थलाई मध्यनजर गरेर नेपालमा सडक विस्तार उच्च प्राथमिकतामा रहँदै आएको छ र सडक सञ्जाल विस्तार पनि सोही रफ्तारमा बढ्दैछ। "**समृद्ध नेपाल सुखी नेपाली**" को दूरदृष्टिका आधारमा मुलुकलाई अगाडि बढाउन यो रफ्तार आवश्यक छ। यसैअनुसार सदाबहार सडक सञ्जाल सबै जिल्ला सदरमुकाम र क्रमशः सबै पालिका केन्द्रसम्म विस्तार गर्ने तर्फ सरकार उन्मुख रहेको छ। यातायात समय र लागत घटाउन हामी राष्ट्रिय राजमार्गहरुलाई बहुलेनयुक्त बनाउँदैछौं, द्रुतमार्गको निर्माण गर्दैछौं र सडक यातायातमै हामी अब सुरुङमार्गको युगमा पनि प्रवेश गर्दैछौं। यी नयाँ निर्माणका साथै बनिसकेका सडक पूर्वाधारहरुको नियमित, गुणस्तरीय र किफायती मर्मत सम्भार पनि उत्तिकै महत्वपूर्ण कामको क्षेत्र रहेको छ। यस कामको लागि ठूलो श्रोतको आवश्यकता छ र आगामी दिनमा यसमा अझ बढोत्तरी हुँदै जानेछ। त्यसैले यो कार्य ज्यादै महत्वपूर्णका साथै चुनौतिपूर्ण पनि छ।

सडक बोर्ड नेपालले आफ्नो स्थापना कालदेखि नै यही महत्वपूर्ण कार्य गर्दै आइरहेको छ। यसले विगतमा देशमा निर्माण गरिएका सडकहरुको प्रभावकारी मर्मत सम्भार गर्नका लागि आवश्यक श्रोतको दिगो व्यवस्थापन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा धन्यवाद दिन चाहन्छु र आगामी दिनमा निर्माण सम्पन्न हुने सडकहरुको समेत योजनाबद्ध मर्मत सम्भार एवं संरक्षण गर्ने कार्यका लागि आवश्यक पर्ने श्रोतको दिगो व्यवस्थापन गर्न बोर्डले विद्यमान ऐन, कानून र नीतिहरुलाई समयानुकूल परिमार्जन गरी आफ्नो संगठनात्मक संरचना अझ सुदृढ बनाउँदै लैजानेछ भन्ने विश्वास व्यक्त गर्दछु।

साथै, यस संस्थाले आफ्नो २२औं वार्षिकोत्सवको अवसर पारेर वार्षिक प्रतिवेदन प्रकाशित गर्दै आफ्नो कामको बारेमा सरोकारवाला सबै र आमजनता समक्ष सार्वजनिक जानकारीमा ल्याउने यस प्रशंसनीय कार्यका लागि सडक बोर्ड नेपालका सम्पूर्ण टिमलाई धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, सडक बोर्ड नेपाल २३औं वर्षमा प्रवेश गरेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

१२ पौष २०८१

मा. देवेन्द्र दाहाल
भौतिक पूर्वाधार तथा यातायात मन्त्री

देवेन्द्र दाहाल
मन्त्री

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

प्रा.डा. शिवराज अधिकारी
उपाध्यक्ष



शुभकामना

सडक बोर्ड दिवसको २२औं वार्षिकोत्सवको यस शुभ अवसरमा, सडक पूर्वाधारलाई दिगो राख्न र मर्मत-सम्भार गर्नमा महत्वपूर्ण भूमिका खेल्ने सबै व्यक्ति एवं संस्थालाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । यो वार्षिकोत्सव सबैको सामूहिक प्रयास र समर्पणको प्रमाण हो । यस वार्षिकोत्सवले आर्थिक विकास, सामाजिक एकीकरण र वातावरणीय दिगोपनलाई बढावा दिन सडकको भूमिकालाई प्रतिबिम्बित गर्ने अवसर पनि प्रदान गर्दछ ।

अर्थतन्त्रलाई एकीकृत गर्न र सामाजिक पूँजी बढाउनका लागि बलियो र गुणस्तरीय सडक सञ्जाल अपरिहार्य छ । सडक सञ्जालले मानिस, बजार र स्रोतहरूलाई जोड्छ । व्यापार-व्यावसाय, शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरूमा पहुँच प्रदान गरि सामाजिक समानता र आर्थिक एकीकरणमा योगदान पुर्याउँछ । तर, सडक पूर्वाधार र आर्थिक विकासबिचको सम्बन्ध स्वचालित छैन । सडकहरूले सधैँ आर्थिक विकासका लागि इच्छित परिणामहरू दिन सक्दैनन् । खराब सडकहरूले सवारी साधनको दक्षता घटाउँछ, यात्राको समय बढाउँछ र सुरक्षामा सम्झौता गर्दछ । प्रयोगकर्ताहरू र सरकारका लागि उच्च लागत निम्त्याउँछ । सडकको मर्मत-सम्भार तिनीहरूको निर्माण जत्तिकै महत्वपूर्ण छ । मर्मत-सम्भारले सडकको दीर्घायु मात्र होइन, आर्थिक गतिविधि, उत्पादन, उत्पादकत्व र रोजगारी सिर्जना गर्नमा पनि उत्तिकै योगदान सुनिश्चित गर्दछ ।

अधिकतम लाभ प्राप्त गर्न र अर्थतन्त्रका आवश्यकताहरू पूरा गर्न, सडकहरू उचित रूपमा डिजाइन र निर्माण गरिनुपर्दछ । सडक पूर्वाधार विकासले आर्थिक विकास र कनेक्टिभिटीलाई उत्प्रेरित गर्दा गर्दै सावधानीपूर्वक व्यवस्थापन र सदुपयोग गर्न नसकिएमा तिनीहरूले वातावरणीय क्षयीकरण, जलवायु परिवर्तन र सडक दुर्घटनाहरू जस्ता अवाञ्छित परिणामहरु दिन सक्छन् । यी साइड इफेक्टहरू कम गर्न सन्तुलित दृष्टिकोण चाहिन्छ । कार्बन उत्सर्जन घटाउने, दिगो निर्माण अभ्यासहरू प्रवर्द्धन गर्ने र सडक सुरक्षा बढाउने उपायहरूद्वारा नकारात्मक प्रभावहरू कम गर्न आवश्यक छ । यी अभ्यासको आवश्यकताले सडक मर्मत-सम्भारको परम्परागत परिभाषालाई बदलेको छ ।

यस २२औं वार्षिकोत्सवमा, मर्मत-सम्भारको बदलिएको परिभाषासँगै, समयमै कार्य सम्पन्न गर्ने गरि सडकको गुणस्तर सुधार गर्ने हाम्रो प्रतिबद्धता दोहोऱ्याऔं । यसै अवसरमा वित्तीय बाधाहरू, वातावरणीय प्रभावहरू र सडक सुरक्षाको चुनौतिहरुलाई सम्बोधन गरि, हामी सडक पूर्वाधारको परिवर्तनकारी सम्भावनालाई सुनिश्चित गर्ने प्रण गरौं । सँगै मिलेर, हामी सडक सञ्जाललाई उन्नत स्तरमा निर्माण गर्न सक्छौँ जसले ठाउँहरू मात्र जोड्दैन, जनताको जीवनस्तरलाई गुणात्मक रुपमा परिवर्तन गर्दछ, अर्थतन्त्रलाई बलियो बनाउँछ र भावी पुस्ताका लागि दिगो विकास सुनिश्चित गर्दछ ।

पौष १५, २०८१

प्रा.डा. शिवराज अधिकारी

फोनः ०१-४२११९७०, फ्याक्सः ०१-४२११७००, ईमेलः shivaraj.adhikari@npc.gov.np, वेबसाईटः www.npc.gov.np

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

प्रतिबद्धता



पत्र संख्याः-
च. नं.:-

देशको सबै भू-भागमा ठूलो धनराशी खर्च गरेर निर्माण गरिएका सडक पूर्वाधारको योजनाबद्ध मर्मत सम्भार गर्ने-गराउने र सोका लागि आवश्यक स्रोतको दिगो व्यवस्थापन गर्ने उद्देश्यकासाथ सडक बोर्ड ऐन, २०५८ बमोजिम स्थापित सडक बोर्ड नेपालले स्थापनाको २२औं वार्षिकोत्सव मनाउन लागेकोमा मलाई खुशी लागेको छ । यस सुखद् उपलक्ष्यमा बोर्डको उत्तरोत्तर प्रगतिको कामना सहित बधाई ज्ञापन गर्दछु ।

समग्र राष्ट्रको आर्थिक तथा सामाजिक विकासको प्रमुख आधारको रुपमा रहेको सडकको स्तरबाट नै त्यस देशको विकास र समृद्धिको मापन समेत हुने हुँदा राज्यद्वारा ठूलो धनराशी लगानी गरी निर्माण गरिएको सडक पूर्वाधारको योजनाबद्ध एवं प्रभावकारी मर्मत सम्भार तथा संरक्षण गर्ने कार्यमा सम्बद्ध सबै निकायहरु ईमान्दारीपूर्वक क्रियाशील हुनै पर्दछ । विगत तीन दशकमा नेपालमा पनि सडक पूर्वाधारको विकास तथा निर्माण तिव्र गतिमा अगाडि बढेको छ । केही वर्ष यता नेपालमा पनि आधुनिक सुविधायुक्त बहुलेन सडक, सुरुङमार्ग तथा द्रुतमार्ग निर्माण भईरहेको छ । यसरी निर्माण गरिने आधुनिक सडक पूर्वाधारको योजनाबद्ध मर्मत सम्भार र संरक्षणको लागि भविष्यमा अझ बढी स्रोत-साधनको आवश्यकता हुन्छ । प्रत्येक वर्ष सडक सञ्जालको परिमाणमा उल्लेख्य वृद्धि भए सँगै निर्माण सम्पन्न भएका सडकहरुको समयमा नै योजनाबद्ध एवं प्रभावकारी ढङ्गले मर्मत सम्भार गर्ने कार्यका लागि स्रोत-साधनको आवश्यकता अझै बढ्दै गएको हुँदा बोर्डको कोषको दायरा पनि फराकिलो बनाउँदै लैजानु पर्ने भएको छ ।

आज, आम सरोकारको विषय बनेको छ "सार्वजनिक सडक" । देशको सबै भू-भागमा बसोबास गर्ने आम नागरिकहरुको सडक सुविधा उपभोग गर्ने चाहना पूरा गर्न र मुलुकको सर्वाङ्गिण विकासका लागि राज्यद्वारा नयाँ सडक निर्माण एवं विस्तार गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तर अगाडि बढाई राखिएको छ । यसरी सडक सञ्जालको वृद्धिसँगै सडक बोर्डको दायित्व एवं जिम्मेवारीमा पनि वृद्धि भएको हुँदा बोर्डमा उपलब्ध भौतिक स्रोत-साधन र मानव संसाधनमा पनि सोही अनुपातमा वृद्धि गरी विद्यमान ऐन, कानून र नीतिहरुको समयसापेक्ष परिमार्जन गर्दै बोर्डको संगठनात्मक संरचनाको सुदृढीकरण गर्न अत्यावश्यक भईसकेको हुँदा यसतर्फ सम्बद्ध सबैको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । देशका सबै जिल्लाहरु सडक सञ्जालले जोडिईसकेको अवस्थामा अब राज्यले निर्माण गैसकेका सडकहरुको दिगो मर्मत संभार कार्यमा बढी जोड दिनु पर्ने अवस्था आएको छ ।

अन्त्यमा, सडक उपयोगकर्ता यातायात व्यवसायीहरु, सडक पूर्वाधारको विकास, निर्माण एवं मर्मत सम्भार गर्ने कार्यमा संलग्न सबै निकायहरु र नेपालको सडक यातायात क्षेत्रको विकासमा सहयोग गर्नुहुने सबै विकास साझेदारहरुमा सडक बोर्ड नेपाल हार्दिक आभार व्यक्त गर्दछ । आगामी दिनहरुमा पनि सडक पूर्वाधारको दिगो मर्मत सम्भार एवं संरक्षण गर्ने कार्यमा बोर्ड सदैव कटिबद्ध रही रहने विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

२०८१ पौष ११

इ. केशव कुमार शर्मा
अध्यक्ष
सडक बोर्ड नेपाल

नेपाल सरकार
सडक बोर्ड नेपाल
(सडक बोर्ड ऐन, २०५८ अन्तर्गत स्थापित)

प.सं.
च.नं.



प्रतिबद्धता

कुनै पनि मुलुकको आर्थिक, सामाजिक लगायत चौतर्फी विकासमा सडक यातायातले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालमा पनि सबै क्षेत्रमा समान आर्थिक, सामाजिक विकास गरी क्षेत्रिय असन्तुलनमा कमि ल्याउन सडक पूर्वाधारको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न तथा सडकमा चल्ने सवारी साधनहरुमा दस्तुर लगाई उठाउने व्यवस्था गर्न सडक बोर्ड ऐन, २०५८ बमोजिम अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्थाको रुपमा स्थापना भएको हो । सोही अनुरुप यसै बोर्डको स्थापनाको २३औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा बोर्डलाई यहाँसम्म ल्याई पुऱ्याउन सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछौं ।

पहाडी मुलुक तथा विकट भू-बनावटको कारण सडक मर्मतको कार्य अत्यन्त महंगो तथा चुनौतिपूर्ण रहेता पनि सडक यातायातलाई भरपर्दो र गुणस्तरीय बनाउनका लागि सडकको मर्मत सम्भार गर्ने कार्य योजनाबद्ध ढंगबाट समयमा नै सम्पन्न गरिनु अनिवार्य हुन्छ । आज एकातर्फ सडकको विस्तार तिव्र गतिले भईरहेको छ भने अर्कोतर्फ सीमित स्रोत-साधनद्वारा निर्मित सडक सम्पत्तिको समयमा नै उचित मर्मत सम्भार गर्नुपर्ने गहन दायित्व हाम्रा सामु छ । आम नागरिकको चाहना बमोजिम दिन प्रतिदिन विस्तार हुने गरेको सडक सञ्जालको समयमा नै उचित एवं गुणस्तरीय मर्मत सम्भार तथा संरक्षण हुनसके मात्र नागरिकहरुको गुणस्तरीय सडक सुविधा उपभोग गर्ने पाउने ईच्छा पूरा हुन सक्दछ । यस तथ्यलाई मध्यनजर गर्दै सडक बोर्ड नेपालले आफूलाई प्राप्त स्रोत-साधनबाट गुणस्तरीय सडक सुविधा निरन्तर रुपमा कायम हुन सकोस् भनी सडक मर्मत सम्भारको कार्यलाई समयमा नै सम्पन्न गर्ने विषयलाई जोड दिँदै आएको छ । सडक पूर्वाधारको क्षेत्रमा विश्वमा विकसित नयाँ नयाँ प्रविधि अनुसार नेपालमा समेत सडक पूर्वाधारलाई युगानुकूल विकास गर्ने क्रममा हाल देशका विभिन्न क्षेत्रमा बहुलेन सडक, सुरुङमार्ग र द्रुतमार्गहरु निर्माण भई रहेका छन् । यसरी निर्मित आधुनिक सुविधायुक्त सडक सञ्जालको वृद्धिसँगै सडक मर्मत सम्भारका लागि आवश्यक पर्ने स्रोत-साधनको समयानुकूल वृद्धि गर्दै लैजाने तर्फ सम्बद्ध सबै पक्षको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । यसै विषयलाई मध्यनजर गर्दै सडक बोर्ड नेपाललाई हालसम्म उपलब्ध हुँदै आएको भौतिक स्रोत-साधन र मानव संसाधनमा समेत वर्तमान आवश्यकता अनुकूल वृद्धि गरी मौजुदा ऐन, नियम र नीतिहरुको समयानुकूल परिमार्जन गर्दै बोर्डलाई अझै सशक्त, संगठित र अधिकार सम्पन्न बनाउने, संघीय निकायबाट निमार्ण भई प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पूर्वाधारहरुको नियमित मर्मत संभार एवम् सम्पत्ती व्यवस्थापनका लागि सडक मर्मत संभार रणनीतिको आधारमा कार्यान्वयन गर्न बढी प्रभावकारी ढंगबाट सञ्चालन गर्नुपर्ने आवश्यकता हाम्रा सामु छ ।

अन्त्यमा, सडक उपयोगकर्ता यातायात व्यवसायी, सडक पूर्वाधारको विकास, निर्माण एवं मर्मत सम्भारको कार्यमा संलग्न सबै निकायहरु, आम नागरिक र नेपालको सडक यातायात क्षेत्रको विकासमा सहयोग गर्नुहुने सबै दातृ निकायहरुमा सडक बोर्ड नेपाल हार्दिक आभार व्यक्त गर्दछ । साथै, आगामी दिनहरुमा पनि सडक पूर्वाधारको मर्मत सम्भार एवं संरक्षणका लागि आवश्यक श्रोतको दिगो व्यवस्थापन गर्ने कार्यमा बोर्ड सदैव प्रतिबद्ध रही रहने विश्वास दिलाउन चाहन्छु, धन्यवाद ।

गणेश बहादुर के.सी.
कार्यकारी निर्देशक
मितिः २०८१ पौष ११

एन.के.सिंह मार्ग, मिनभवन, काठमाडौं, नेपाल, फोन नं. ९७७-१-४५९३५१५, ४५९३५२९, ४५९३५३९
फ्याक्स : ९७७-१-४५९३५४२/४५६०८७१, इमेल : info@rbn.org.np; roadsboardnepal.org@gmail.com
वेबसाईट : www.rbn.org.np

आ.ब. २०८०/०८१ मा रणनीतिक सडक मर्मत संभारको स्वीकृत बजेट तथा रकम निकासा (दायित्व सहित)

क्र.सं.	सडक कार्यालय	बजेट (दायित्व सहित)	निकासा (दायित्व सहित)
क)	सडक डिभिजन कार्यालयहरु		
१	इलाम	४५३,९१४,०००.००	४५३,९१४,०००.००
२	धनकुटा	२११,७०७,०००.००	२११,७०७,०००.००
३	दमक	२५१,९३३,०००.००	२५१,९३३,०००.००
४	तुम्लिङ्गटार	३३४,१५०,०००.००	३०८,५८५,२५९.००
५	विराटनगर	२२५,३५०,०००.००	२२५,३५०,०००.००
६	हर्कपुर	१२९,८४३,८१०.००	१२९,८४३,८१०.००
७	लहान	१७५,३२०,०००.००	१७५,२९०,०००.००
८	जनकपुर	१४९,५६२,०००.००	१४२,०६२,०००.००
९	चन्द्रनिगाहपुर	६३,६९६,०००.००	४८,०९२,०००.००
१०	हेटौडा	२४७,६८०,०००.००	२४७,६८०,०००.००
११	खुर्कोट	१७१,८५६,०००.००	१७१,८५६,०००.००
१२	चरिकोट	१७७,३४८,०००.००	१७७,३४८,०००.००
१३	भक्तपुर	१३०,७५०,०००.००	१४३,२३६,०००.००
१४	नुवाकोट	२००,४४२,०००.००	२००,४४२,०००.००
१५	काठमाडौं	५९२,१०९,०००.००	५९२,१०९,०००.००
१६	ललितपुर	२२३,२६९,०००.००	२२३,२६९,०००.००
१७	भरतपुर	४४३,१३५,०००.००	३६२,५२८,४१७.००
१८	दर्माली	२२२,६९६,०००.००	२१०,४९६,०००.००
१९	पोखरा	४२२,७०९,०००.००	४००,५३८,०००.००
२०	वाग्लुङ्ग	३५,५५०,०००.००	३३,५५०,०००.००
२१	पाल्पा	३५८,७९४,०००.००	२९७,५७९,०००.००
२२	वुटवल	२०४,७६७,०००.००	२०४,७६७,०००.००
२३	शिवपुर	३८३,२३७,०००.००	३८३,२३७,०००.००
२४	देवीस्थान	२८७,८३०,०००.००	२८१,६०७,०००.००
२५	दाङ्ग	२८२,४५५,०००.००	२६५,८८३,०००.००
२६	चौरजहारी	९१,९४०,०००.००	८६,११५,०००.००
२७	नेपालगञ्ज	१३५,०५०,०००.००	१२८,२५५,०००.००
२८	सुर्खेत	३८८,५०१,०००.००	३८०,२४६,०००.००
२९	साँफेवगर	२८५,३८५,०००.००	२८५,३८५,०००.००
३०	कञ्चनपुर	२०५,०५७,०००.००	२०५,०५६,०००.००
३१	डोटी	४२९,७६०,०००.००	४२९,७६०,०००.००
३२	वैतडी	३६१,९४४,०००.००	३३८,७०४,२४३.००
३३	खलङ्गा	७५३,३७९,०००.००	७४२,८७९,०००.००
३४	सुर्य विनायक-धुलिखेल	११८,३५८,०००.००	११८,३५८,०००.००
३५	११ कि.मि. छेपेटार	१२,७८०,०००.००	१२,२७७,०७०.००
ख)	संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय		
३६	इटहरी	३,०००,०००.००	३,०००,०००.००
३७	काठमाडौं	३,०००,०००.००	३,०००,०००.००
३८	पोखरा	३,०००,०००.००	२,६३८,१५३.००
३९	सुर्खेत	३,०००,०००.००	२,९०४,७७२.००
ग)	हेभी इक्वीप्मेन्ट डिभिजन		
४०	काठमाडौं	६४,०००,०००.००	६४,०००,०००.००
४१	जनकपुर	११,०००,०००.००	११,०००,०००.००
४२	वुटवल	१६,५००,०००.००	१६,५००,०००.००
४३	पोखरा	१८,५००,०००.००	१८,५००,०००.००
४४	इटहरी	१८,५००,०००.००	१५,८००,०००.००
४५	नेपालगञ्ज	१८,५००,०००.००	१८,५००,०००.००
४६	गोदावरी	९,५००,०००.००	९,५००,०००.००
४७	हेटौडा	१६,०००,०००.००	१६,०००,०००.००
घ)	यान्त्रिक कार्यालय		
४८	लहान	४,०००,०००.००	४,०००,०००.००
४९	नुवाकोट	५,०००,०००.००	५,०००,०००.००
५०	फिदिम	२,०००,०००.००	२,०००,०००.००
५१	डुम्रे	५,०००,०००.००	५,०००,०००.००
५२	बुदर	२,०००,०००.००	२,०००,०००.००
५३	मुल्कोट	५,०००,०००.००	५,०००,०००.००
५४	दाङ्ग	५,०००,०००.००	५,०००,०००.००
५५	जुम्ला	५,०००,०००.००	५,०००,०००.००
५६	भौ.पू.तथा यातायात मन्त्रालय	४,०००,०००.००	२,०६०,०००.००
५७	सडक विभाग (संभार)	३०,०००,०००.००	३०,०००,०००.००
५८	सडक विभाग (यान्त्रिक)	२६,३००,०००.००	२६,३००,०००.००
५९	सडक विभाग, (एच.एम.आइ.एस.)	२१,५००,०००.००	२१,५००,०००.००
६०	सडक विभाग, (गुणस्तर)	५,०००,०००.००	५,०००,०००.००
६१	सडक सुरक्षा परिषद्	४,५००,०००.००	२,४५०,०००.००
६२	यान्त्रिक तालिम केन्द्र	४५,०००,०००.००	४५,०००,०००.००
	जम्मा	९,५११,५५६,८१०।००	९,२१२,०९०,७२४।००

नगरपालिका (महा/उप सहित) अन्तर्गतका स्थानीय मर्मत संभारको लागि



रणनीतिक सडक मर्मत गर्न बजेटको व्यवस्थापन



शिर्षकगत रणनीतिक सडक मर्मत सम्भार कार्यको लागि

सि.नं.	खर्च शीर्षक	कार्यक्रम स्वीकृत	रकम निकासा
१	नियमित मर्मत	१,०६१,७००,०००.००	१,०३७,८०८,६६०.००
२	पटके मर्मत	८९२,३००,०००.००	८६८,८१६,९८०.००
३	विशेष मर्मत	४२०,२००,०००.००	४०५,१३४,९१०.००
४	आकस्मिक मर्मत	५४५,५६९,०००.००	५३०,१००,९२५.००
५	आवधिक मर्मत	९७८,७००,०००.००	९३८,५२९,०००.००
६	सडक सुरक्षा	१२२,०००,०००.००	१२०,४००,०००.००
७	पुनःस्थापना	२१८,०१०,०००.००	२१४,४८८,०००.००
८	टोल सडक	४०,०००,०००.००	४०,०००,०००.००
९	विशेष महत्वका सडक	१,३३८,९८४,८१०.००	१,२७३,३०९,०६९.००
१०	पटके मर्मत दायित्व	४४,०००,०००.००	१४,६६६,६६७.००
११	विशेष मर्मत दायित्व	१२१,९२२,०००.००	१२१,६३६,०००.००
१२	आकस्मिक मर्मत दायित्व	१,३२३,०६१,०००.००	१,३२३,०६१,०००.००
१३	आवधिक मर्मत दायित्व	८४०,५४३,०००.००	८४०,५४३,०००.००
१४	सडक सुरक्षा दायित्व	१२२,४०८,०००.००	९९,१६८,२४३.००
१५	पुनःस्थापना दायित्व	७५०,७९८,०००.००	७२२,८७४,०००.००
१६	टोल सडक दायित्व	२७,४२८,०००.००	२७,४२८,०००.००
१७	विशेष महत्वका सडक दायित्व	४७७,६२२,०००.००	४५६,०७१,०७०.००
१८	विश्व बैंक आवधिक दायित्व	१८६,३११,०००.००	१७८,०५६,०००.००
	कुल जम्मा	९,५११,५५६,८१०।००	९,२१२,०९०,७२४।००

गाउँपालिका अन्तर्गतका स्थानीय सडक मर्मत संभारको लागि



रणनीतिक सडक मर्मत संभार कार्यको लागि



आ.ब. २०८०/०८१ को आम्दानी र खर्चको विवरण (Unaudited)

(१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म) — रू हजारमा

सि.नं.	विवरण	अनुसूची	चालु आ.ब.मा	गत आ.ब.मा	फरक
क)	आम्दानी				
१	नेपाल सरकारबाट निकासा	१९	३,६६५,०००.००	६,७४०,०८१.००	
२	सडक दस्तुर सङ्कलन	९	-	३,४४३.१२	
३	ब्याज आम्दानी	११	१७७,४८५.९७	३०४,४६०.३७	
४	विविध आम्दानी	२०	३२,६१४.५५	५,०६३.६८	
	जम्मा		३,८७५,१००।५२	७,०५३,०४८।१७	
ख)	खर्च				
१	सडक दस्तुर सङ्कलन खर्च	१०			
२	सडक र्ममत सम्भार खर्च				
	(क) सडक विभाग	१२	७,५२६,३९२.६३	६,३६६,३१८.६४	
	(ख) जिल्ला विकास समिति	१३	६००.००	१६,८०९.२०	
	(ग) नगरपालिका	१४	१,२३३,७६१.०८	१,३६८,१२०.३८	
	(घ) गाउँपालिका	१५	४९६,९८०.७९	३४०,०५१.४७	
३	बैंक कमिशन	२१	९.६२	९.२१	
४	बोर्ड प्रशासनिक खर्च	१६	८४,६०५.०८	११४,६९२.८८	
	जम्मा		९,३४२,३४९।२१	८,२०६,००१।७८	
	वचत/न्युन वासलातमा सारेको		(५,४६७,२४८।६९)	(१,१५२,९५३।६१)	

आ.व. २०८०/०८१ मा सडक मर्मत संभारको भौतिक प्रगति

क्र.सं.	सडक मर्मत संभार शिर्षक	लक्ष्य (कि.मि.)	प्रगति (कि.मि.)	प्रगति प्रतिशत
(क)	रणनीतिक सडक			
१	नियमित मर्मत	७७९५	७७९५	१००%
२	पटके मर्मत	४८६५	४८६५	१००%
३	आवधिक मर्मत	९२६	६८७	७४%
४	पुनःस्थापना तथा पुनःनिमाण	१२२	९२	७५%
५	बिशेष मर्मत	१००	९०	९०%
६	आकस्मिक मर्मत	१००	७०	७०%
७	सडक सुरक्षा	१००	९५	९५%
(ख)	स्थानीय सडक			
१	कालोपत्र, ग्राभेल, माटे सडक	१२०००	५०००	४२%

सडक मर्मत संभारको बजेट व्यवस्थापन तथा रकम निकासा

सडक मर्मत संभार	स्वीकृत बजेट	रकम निकासा	निकासा (प्रतिशतमा)
रणनीतिक सडक	९,५११,५५६,८१०.००	९,२१२,०९०,७२४.००	९७%
स्थानीय सडक	२,४१२,८८७,२११.००	१,३९८,५२३,९४८.००	५८%
जम्मा	११,९२४,४४४,०२१।००	१०,६१०,६१४,६७२।००	८९%

स्थानीय सडक मर्मत संभारको लागि

सि.नं.	प्रदेश	बजेट विनियोजन	कार्यक्रम स्वीकृत	रकम निकासा
१	कोशी	५४६,१००,०००.००	४५८,७३०,४१०.००	२४८,१५५,८८२.००
२	मधेस	५८९,२००,०००.००	४४५,४००,०००.००	२७६,८३९,७८१.००
३	बागमती	५२१,९००,०००.००	४१०,७००,०००.००	२३०,९८७,४२५.००
४	गण्डकी	३१३,७००,०००.००	२६३,९००,०००.००	१४५,१५०,०४५.००
५	लुम्बिनी	४३१,६००,०००.००	३५३,३४६,८०१.००	२०३,१८७,४७८.००
६	कर्णाली	२३९,२००,०००.००	१४८,४१०,०००.००	९४,२३८,५५७.००
७	सुदुर पश्चिम	३५८,३००,०००.००	३३२,४००,०००.००	१९९,९६४,७८०.००
	कुल जम्मा	३,०००,०००,०००।००	२,४१२,८८७,२११।००	१,३९८,५२३,९४८।००

सडक बोर्ड नेपाल
ऐन.के.सिंह मार्ग, मिनभवन, काठमाडौं।
फोन नं. ९७७-०१-४५९३५१५/...५२९/...५३९
इमेलः roadsboardnepal.org@gmail.com
वेबसाइटः www.rbn.org.np